# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ६, संख्याः १५, फागुन २३ गते, २०७९ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगर दीर्घ सेवा करार कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।१०।२२

**प्रस्तावना** : २०४८ सालमा स्थापित यस नगरपालिकामा राज्य पुनसंरचना पछि साविक गाउँपञ्चाय/गाउँ विकास समिति र विद्यालयमा कार्यरत कार्यालय सहयोगी लगायतका अन्य कर्मचारीहरुको निवृत्त हुँदा अन्य कुनै सुविधा प्राप्त गर्ने अवस्था नरहेमा त्यस्ता कर्मचारीहरुलाई प्रोत्साहन सुविधा दिन ३८ औं नगर सभाको निर्णय एवं व्यास नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) अनुसार व्यास नगरपालिका नगर कार्यपालिकाद्वारा यो कार्यविधि बनाई जारी गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “व्यास नगर दीर्घ सेवा करार कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७९” हुनेछ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यविधि" भन्नाले व्यास नगर दीर्घ सेवा करार कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७९ भन्ने सम्झनु पर्छ ।

(ख) "उपप्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(घ) "शाखा प्रमुख" भन्नाले व्यास नगरपालिकाको सम्बन्धित शाखाको प्रमुख सम्झनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(च) "दीर्घ सेवा करार कर्मचारी" भन्नाले दश वर्षभन्दा बढी करार सेवामा रहेका करार कार्यालय सहयोगी र अन्य कर्मचारी भन्ने सम्झनु पर्छ ।

(छ) "निवृत्त" भन्नाले दश वर्ष सेवा अवधि पुगेका कर्मचारीहरु उमेरका कारणले वा राजीनामा दिई सेवाबाट अलग भएको भन्ने सम्झनु पर्छ ।

(ज) "कार्यपालिका" भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

## परिच्छेद २

## उद्देश्य, समिति गठन र सुविधा

३. **उद्देश्य** : यस कार्यविधिको उद्देश्य दश वर्षभन्दा बढी अवधि नगरपालिका, नगरपालिका कार्यालय मातहत रहेका अन्य कार्यालय र नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयमा सेवारत दीर्घ सेवा करार कर्मचारीलाई प्रोत्साहन सुविधा प्रदान गर्ने रहेको छ ।

४. **समिति गठन** : यस कार्यविधि बमोजिम प्रोत्साहन सुविधा प्रदान गर्न निम्नानुसारको समिति गठन गरिने छ :

(क) संयोजक : उपप्रमुख

(ख) सदस्य : प्रमुख प्रशासकीय अधिकृत

(ग) सदस्य : सम्बन्धित शाखा प्रमुख

(घ) सदस्य : आर्थिक प्रशासन शाखा प्रमुख

(ङ) सदस्य सचिव : प्रशासन शाखा प्रमुख

५. **प्रोत्साहन सुविधा** : दश वर्षभन्दा बढी सेवा गरेका करारका कर्मचारीलाई समितिले तपसिलमा उल्लेखित अनुसारको रकम कर्मचारीले गरेको सेवा अवधि, इमान्दारिता, योगदानको मूल्यांकन आदिलाई आधारमानी सुविधा प्रदान गर्न कार्यपालिका समक्ष पेश गरिने छ ।

(क) दश वर्षदेखि पन्ध्र वर्षसम्म सेवा अवधि हुने कर्मचारीलाई एक मुष्ठ बीस हजारदेखि पैतीस हजार रुपैयाँसम्मको दरमा ।

(ख) पन्ध्र वर्षदेखि माथि सेवा अवधि हुने कर्मचारीलाई एक मुष्ठ पैतिस हजारदेखि पचास हजार रुपैयाँसम्मको दरमा ।

परिच्छेद ३

विविध

६. **दण्ड सजाय** : यस कार्यविधि बमोजिमका कर्मचारीलाई गण्डकी प्रदेशद्वारा जारी गरिएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम नै दण्ड सजाय हुनेछ ।

७. **नियम बनाउन सक्ने** : यस कार्यविधिको अधिनमा रही कार्यपालिकाले आवश्यक मापदण्ड बनाउन सक्नेछ ।

**आज्ञाले**
गंगालाल सुबेदी
प्रमुख प्रशासकीय अधिकृत